# मितेरी डेभलपमेण्ट बैंक लिमिटेडको
# पन्ध्रौ वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ तथा बैंकको नियमावली बमोजिम बैंकको पन्ध्रौ वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री किसन मास्केज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहाय वमोजिम विषयहरु उपर छलफल गरि देहाय वमोजिम निर्णय भयो ।

## २. सभाको मिति, स्थान र समय

मिति : २०७७ पौष २७ गते सोमवार ( ११ जनवरी २०२१)
स्थान : सुनसरी उधोग वाणिज्य संघ धरान १, सुनसरी
समय : विहानको ११.०० बजे प्रारम्भ भइ दिनको १.०० बजे सम्पन्न भएको

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ र ७६ को उपदफा १ बमोजिम साथै मितेरी डेभलपमेण्ट बैंक लि. को नियमावलीक्रो नियम ४ वमोजिम संचालक समितिको मिति २०७७ पौष २ गते वसेको २०२ औं बैठकवाट बैंकको पन्ध्रौ वार्षिक साधारण सभा गर्ने निर्णय गरि, सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सवै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७७ पौष ५ गतेको आर्थिक अभियान दैनिक, मिति २०७७ पौष ६ गतेको कारोवार राष्ट्रिय दैनिक र आजै अर्थात मिति २०७७ पौष २७ गतेको ब्लाष्ट राष्ट्रिय दैनिकमा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

## ४. छलफलको विषयहरु :

**क) समान्य प्रस्तावहरु :**

१। संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०७६।०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।

२। लेखा परिक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, २०७६ श्रावण १ गते देखि २०७७ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।

३। कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०७७।०७८ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । ( वर्तमान लेखापरिक्षक श्री पियुस लुनिया, पि. लुनिया एण्ड एसोसिएटस् पून लेखापरिक्षणको लागि योग्य हुनुहुन्न । )

४। संचालक समितिले शिफारीस गरे बमोजिम शेयरधनीलाई बोनस शेयर कर प्रयोजनको लागि चुक्ता पूँजिको करिव ०।७९ प्रतिशत नगद लाभाशं रकम रु ५४,७३,९८३।५६ ( चउन्न लाख तिहत्तर हजार नौ सय त्रियासी र पैसा छपन्न ) मात्र दिने प्रस्ताव स्विकृत गर्ने ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

**ख) विशेष प्रस्तावहरु :**

१। संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व. २०७६।०७७ को नाफावाट शेयरधनीलाई चुक्ता पूँजिको १५ प्रतिशतका दरले हुने बोनश शेयर रकम रु १०,४०,०५,६८७५० ( अक्षेरेपी रु दश करोड चालिस लाख पाँच हजार छ सय सतासी र पैसा पचास ) मात्र प्रदान गर्ने प्रस्ताव स्विकृत गर्ने ।

२। कम्पनीको प्रवन्धपत्रमा आवश्यक परिमार्जन / संशोधन तथा थप गर्ने :

३। मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा :

अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढि उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धि सम्पूर्ण प्रक्रिया अवलम्वन गरि कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

४। नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध :**

५. उपस्थिति

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित संचालकहरु

| | | |
|---|---|---|
| १. | श्री किसन मास्के | अध्यक्ष |
| २. | श्री सुनिल श्रेष्ठ | संचालक |
| ३. | श्री गम्भिरमान तण्डुकार | संचालक |
| ४. | श्री शम्भु प्रसाद श्रेष्ठ | संचालक |
| ५. | श्री ललित कुमार अग्रवाल | संचालक |
| ६. | श्री सरोज श्रेष्ठ | संचालक |

५.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री तुलसी प्रसाद वस्ती | प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव |
| २. | श्री मिलन उदाश | नायव महाप्रवन्धक |

५.३ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : ४७

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हने शेयरधनीको संख्या :१०८

३. जम्मा उपस्थित संख्या : १५५

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ८,५९८ | १०९ | ३६,५९,६२९ |
| समूह "क" अर्न्तगत उप-समूह A,B | १२३ | ७२ | २६,५६,८३८ |
| सर्वसाधारण समूह "ख" समूह | ८,४७५ | ८३ | १०,०२,७९१ |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर किता | ६९,३३,७१२।५० | ३६,५९,६२९ | ५२।७८प्रतिशत |

७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन,२०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरि कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनपर्ने प्रावधान वमोजिम बैंकको पन्ध्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या १५५ भएको र कुल शेयरको ५२।७८ प्रतिशत प्रतिनिधित्व भएको हुदाँ कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए वमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै दिनको ११.०० वजे अध्यक्ष श्री किसन मास्केको अध्यक्षतामा बैंकको पन्ध्रौं वार्षिक सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित संचालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि वढाउनु भयो ।

७.४ सभामा स्वागत मन्तब्य संचालक श्री गम्भिरमान तण्डुकारले राख्नुभएको थियो ।

Miteri Development Bank Ltd. Head Office • Dharan, Nepal

८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निधारित छलफलको विषय सूचि अनुसार आ.व.२०७६।०७७ को सन्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

२. तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परिक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको ६ अर्व ५८ करोड २ लाख ६ हजार ५२१ रुपैया सम्पति तथा दायित्व भएको वासलात, रु १७ करोड ९१ लाख ४१ हजार ४४६ रुपैया खूद नाफा भएको नाफा नोक्सान हिसाव र अन्तिम बैंक तथा नगद मौज्दात रु २ अर्व २ करोड ८ लाख ५ हजार ५७१ रुपैया भएको नगद प्रवाह विवरण समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०७७।०७८ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्नको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

४. संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व. २०७६।०७७ को नाफावाट कर प्रयोजनको लागि नगद लाभाशं रकम रु ५४,७३,९८३।५६ ( चउन्न लाख तिहत्तर हजार नौ सय त्रियासी र पैसा छपन्न ) मात्र स्विकृत गर्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

५। संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व. २०७६।०७७ को नाफावाट शेयरधनीलाई १५ प्रतिशतका दरले हुने बोनश शेयर रकम रु १०,४०,०५,६८७।५० ( अक्षेरेपी रु दश करोड चालिस लाख पाँच हजार छ सय सतासी र पैसा पचास ) मात्र प्रदान गर्ने प्रस्ताव स्विकृत गर्ने विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

६। कम्पनीको प्रवन्धपत्रमा देहाय वमोजिमको आवश्यक परिमार्जन / संशोधन गर्ने विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो ।

| दफा /नियमावली | हाल भैरहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|
| प्रवन्धपत्रको दफा ५ (ख) | यस वित्तिय संस्थाको जारी पूँजी रु ६९,३३,७१,२५०।-(अक्षेरेपि उनन्सत्तरी करोड तेत्तिस लाख एकहत्तर हजार दुई सय पचास) मात्र हुनेछ । सो पूँजिलाई प्रति शेयर रु १००।- का दरले ६९,३३,७१२।५ ( उनन्सत्तरी लाख तेत्तिस हजार सात सय वाह्र दशमलव पाँच ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | यस वित्तिय संस्थाको जारी पूँजी रु ७९,७३,७६,९३७।५०( अक्षेरेपि उनन्असी करोड़ त्रिहत्तर लाख छयत्तर हजार नौ सय सैतिस र पैसा पचास) मात्र हुनेछ । सो पूँजिलाई प्रति शेयर रु १००।- का दरले ७९,७३,७६९।३७५ ( उनन्असी लाख त्रिहत्तर हजार सात सय उनान्सत्तरी दशमलव तिन सात पाँच ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनस शेयर जारी गरि जारी पुँजी वृद्धि गर्न । |

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

| | | | |
|---|---|---|---|
| प्रवन्धपत्रको दफा ५ (ग) | यस वित्तिय संस्थाको चुक्ता पूँजी रु ६९,३३,७१,२५०।-(अक्षेरेपि उनन्सत्तरी करोड तेत्तिस लाख एकहत्तर हजार दुई सय पचास) मात्र हुनेछ । | यस वित्तिय संस्थाको चुक्ता पूँजी रु ७९,७३,७६,९३७५०( अक्षेरेपि उनन्असी करोड त्रिहत्तर लाख छयत्तर हजार नौ सय सैतिस र पैसा पचास) मात्र हुनेछ । | बोनस शेयर जारी गरि चुक्ता पुँजी वृद्धि गर्न । |

७। मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा देहायको विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो :
अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढि उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धि सम्पूर्ण प्रक्रिया अवलम्वन गरि कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

८। नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभया ।

## ९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

९.१ बैंकको आ.व. २०७६।०७७ को संचालक समितिको प्रतिवेदन, २०७७ अषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७६।०७७ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्वन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

- गौरव मान श्रेष्ठ
- निर्मल कुमार अग्रवाल
- गोकुल प्रसाद श्रेष्ठ
- सूर्य शेखर श्रेष्ठ
- राजेश अग्रवाल
- केदार थापा
- अजित नारायण सिंह थापा
- राजेश गोयल

१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले समसामयिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्यहरुमा संस्थापक शेयरधनी गोकुल प्रसाद श्रेष्ठले बैंकको

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

हालसम्मको प्रगतिको लागि संचालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै कर्जा लगानी तथा अन्य आम्दानीका श्रोतमा विषेश ध्यान दिन सुझाव दिनुभयो । संस्थापक शेयरधनी सूर्य शेखर श्रेष्ठले बैंक प्रादेशिक रुपमा जाने कि राष्ट्रिय स्तरमा जाने हो सो विषयमा निर्णय लिएर अनि मर्जरको विषयमा छलफल गर्नु उपयुक्त हुने सुझाव दिनुभयो । त्यसै गरि निर्मल कुमार अग्रवालले शाखा विस्तारको कार्यलाई जोड दिदै व्यवसाय विस्तारमा जोड दिन सुझाव दिनुभयो । शेयरधनी श्री गौरवमान श्रेष्ठले अहिलेको अवस्थामा समेत बैंकले संतोषजनक कारोवार गरेकोमा बैंक परिवारलाई धन्यवाद दिनुका साथै मर्जरमा जादाँ विशेष ध्यान पुऱ्याउन सुझाव दिनुभयो । शेयरधनी श्री राजेश अग्रवालले कर्जा लगानीको अवस्था कस्तो छ, उच्च पदस्थ कर्मचारी बैंकले नियुक्ति गरेपछि बैंकको व्यवसायमा कस्तो असर गऱ्यो ? कर्जा लगानी नभई आइडल पैसा वस्दा बैंकलाई घाटा हुने हुदाँ सो को पूर्ति कसरि गर्ने ? सो सम्वन्धमा जिज्ञासा राख्नुभयो । बैंकले मर्जमा जादाँ शेयरधनीको अधिकतम राय लिन सुझाव लिन राजेश गोयलले सुझाव दिनुका साथै हालसम्मको प्रगतिको वारेमा जिज्ञासा राख्नुभयो । त्यसैगरि शेयरधनी केदार थापाले संस्थापक शेयरको विक्री गर्न सहज वनाउनु पर्ने धारणा राख्नुभयो । पूर्व अध्यक्ष अजित नारायण सिंह थापाले आज बैंकले राम्रो गरेपनि भविष्यको आकंलन गर्न सक्नु पर्ने, ब्याजदर अन्तरलाई तोकिएको सिमा भित्र ल्याउदा नाफा कम हुने, बैंकले शेयरमा लगानी गर्दा धेरै विचार पुऱ्याउनु पर्ने तथा बैंक मर्जमा जाने कि प्रादेशिक वन्ने प्रष्ट हुनुपर्ने सुझाव दिनुभयो ।

११. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ

सभामा शेयरधनीहरुले उठाउनु भएको जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री किसन मास्के, मर्जर समितिका संयोजक श्री सुनिल श्रेष्ठ एवं प्रमुख कार्यकारी अधिकृत तुलसी प्रसाद वस्तीले दिनुभयो । मर्ज गर्ने सम्वन्धमा बैंक सधै खुला नै रहेर उपयुक्त बैंक तथा वित्तिय संस्थाको खोजि जारी राखिएको र त्यसैका लागि यहाँहरु समक्ष मर्ज तथा एक्विजिसनको कार्य अगाडि वढाउन अख्तियारीको लागि समेत प्रस्ताव राखिएको विषयका साथै हाल सम्म केहि बैंकहरुसँग एक्विजिसनको सम्वन्धमा छलफल जारी रहेको तर सन्तोषजनक प्रगति नभएको विषय जानकारी गराइएको थियो । त्यसैगरी बैंकले प्रादेशिक र राष्ट्रियस्तर के मा जाने भनेर उपयुक्तताको आधारमा विचार गरि मर्जर गर्ने अवस्थामा शेयरधनी तथा कर्मचारीको हितलाई हेरेर ब्यापक छलफल पश्चात शेयरधनी तथा कर्मचारीको राय वमोजिम नै मर्ज गरिने जानकारी गराईएको थियो । शाखा विस्तारको कार्यलाई निरन्तरता दिदै ब्यवसाय वृद्धिमा जोड दिइने कुरामा बैंक संचालक समिति तथा ब्यवस्थापन सचेत रहेको ब्यहोरा जानकारी गराइएको थियो । साथै शेयरधनीहरुले दिनुभएको अन्य सुझावहरुलाई समेत आगामि दिनमा पालना गर्दै लगिने जानकारी समेत दिईएको थियो । उच्च पदस्थ कर्मचारीको नियुक्ति पश्चात कोभिडको असर देखा परेकोले ब्यवसाय वृद्धिमा खासै योगदान नभएपनि भविष्यमा यसले फाइदा पुग्ने विश्वास दिलाईएको थियो । बैंकमा आइडल पैसा रहदाँ घाटा हुने हुँदा कर्जा लगानीमा नै जोड दिने जानकारी गराइएको थियो । सस्थापक शेयर विक्री सम्वन्धमा नेपाल राष्ट्र वैंकको एकिकृत निर्देशनमा नै स्पष्ट ब्यवस्था भएको जानकारी गराइएको थियो । बैंकले शेयरम सतर्कता पूर्वक नेपाल राष्ट्र वैंकले तोकेको सिमा भित्र मात्र लगानी गर्ने जानकारी गराईएको थियो ।

Miteri Development Bank Ltd.
Head Office
Dharan, Nepal

## १२. सभाको निर्णय

**(क) साधारण प्रस्तावहरु :**

१। संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०७६।०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।

सभामा प्रस्तुत आ.व. २०७६।०७७ को संचालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिवाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

२। लेखा परिक्षकको प्रतिवेदन सहितको २०७७ अषाढ मसान्तको वासलात, २०७६ श्रावण १ गते देखि २०७७ अषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।

लेखा परिक्षकको प्रतिवेदन सहितको २०७७ अषाढ मसान्तको वासलात, २०७६ श्रावण १ गते देखि २०७७ अषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तिय विवरणहरु सर्वसम्मतिवाट पारित गर्ने निर्णय गऱ्यो ।

३। कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०७७।०७८ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । ( वर्तमान लेखापरिक्षक श्री पियुस लुनिया, पि. लुनिया एण्ड एसोशिएट्स पुनः लेखापरिक्षणको लागि योग्य हुनुहुन्न ।)

कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०७७।०७८ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमां सभाले वाह्य लेखापरिक्षकमा सिए अनुप कुमार श्रेष्ठ, म्यानेजिङ्ग पार्टनर बिआरएस नेउपाने एण्ड कम्पनीलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरिक्षण शुल्क, कर लेखापरिक्षण शुल्क, लङ्गफम अडिट रिपोर्ट, कम्पनी रजिष्ट्रार र धितोपत्र बोर्डको विवरण लगायत तयार गरे वापतको शुल्क, कम्पनी ऐन २०६३ को दफा ७८ वमोजिम प्रतिवेदन समेत तयार गरेवापत (हवाई तथा स्थल यातायात, खाना तथा वास सहित ) एकमुष्ट रुपमा मूल्य अभिवृदि कर सहित रु. २,००,००० (अक्षेरेपी रु. दुई लाख ) मात्र पारिश्रमिक प्रदान गर्ने निर्णय सर्वसम्मतिवाट पारित गर्ने गऱ्यो ।

४। संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व. २०७६।०७७ को नाफावाट कर प्रयोजनको लागि नगद लाभाशं रकम रु ५४,७३,९८३।५६ ( चउन्न लाख तिहत्तर हजार नौ सय त्रियासी र पैसा छपन्न ) मात्र दिने प्रस्ताव स्विकृत गर्ने ।

संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व. २०७६।०७७ को नाफावाट कर प्रयोजनको लागि नगद लाभाशं रकम रु ५४,७३,९८३।५६ ( चउन्न लाख तिहत्तर हजार नौ सय त्रियासी र पैसा छपन्न ) मात्र दिने प्रस्ताव स्विकृत गर्ने प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गर्ने निर्णय गऱ्यो ।

५। संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व. २०७६।०७७ को नाफावाट शेयरधनीलाई १५ प्रतिशतका दरले हुने बोनश शेयर रकम रु १०,४०,०५,६८७।५० ( अक्षेरेपी रु दश करोड चालिस लाख पाँच हजार छ सय सतासी र पैसा पचास ) मात्र प्रदान गर्ने विशेष प्रस्ताव स्विकृत गर्ने ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व. २०७६।०७७ को नाफावाट शेयरधनीलाई १५ प्रतिशतका दरले हुने बोनश शेयर रकम रु १०,४०,०५,६८७५० ( अक्षेरेपी रु दश करोड चालिस लाख पाँच हजार छ सय सतासी र पैसा पचास ) मात्र प्रदान गर्ने विशेष प्रस्ताव स्विकृत गर्ने प्रस्तावलाई सभाले सर्वसम्मतिवाट पारित गर्ने निर्णय गऱ्यो ।

६। कम्पनीको प्रवन्धपत्रमा आवश्यक परिमार्जन / संशोधन गर्ने :

कम्पनीको प्रवन्धपत्रमा देहाय वमोजिमको आवश्यक परिमार्जन / संशोधन गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गर्ने निर्णय गऱ्यो ।

| दफा /नियमावली | हाल भैरहेको व्यवस्था | संशोधित व्यवस्था | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|
| प्रवन्धपत्रको दफा ५ (ख) | यस वित्तिय संस्थाको जारी पूँजी रु ६९,३३,७१,२५०।-(अक्षेरेपि उनन्सत्तरी करोड तेत्तिस लाख एकहत्तर हजार दुई सय पचास) मात्र हुनेछ । सो पूँजिलाई प्रति शेयर रु १००।- का दरले ६९,३३,७१२।५ ( उनन्सत्तरी लाख तेत्तिस हजार सात सय वाह्र दशमलव पाँच ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | यस वित्तिय संस्थाको जारी पूँजी रु ७९,७३,७६,९३७५०( अक्षेरेपि उनन्असी करोड त्रिहत्तर लाख छयत्तर हजार नौ सय सैतिस र पैसा पचास) मात्र हुनेछ । सो पूँजिलाई प्रति शेयर रु १००।- का दरले ७९,७३,७६९।३७५ ( उनन्असी लाख त्रिहत्तर हजार सात सय उनान्सत्तरी दशमलव तिन सात पाँच ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनस शेयर जारी गरि जारी पुंजी वृद्धि गर्न । |
| प्रवन्धपत्रको दफा ५ (ग) | यस वित्तिय संस्थाको चुक्ता पूँजी रु ६९,३३,७१,२५०।-(अक्षेरेपि उनन्सत्तरी करोड तेत्तिस लाख एकहत्तर हजार दुई सय पचास) मात्र हुनेछ । | यस वित्तिय संस्थाको चुक्ता पूँजी रु ७९,७३,७६,९३७५०( अक्षेरेपि उनन्असी करोड त्रिहत्तर लाख छयत्तर हजार नौ सय सैतिस र पैसा पचास) मात्र हुनेछ । | बोनस शेयर जारी गरि चुक्ता पुंजी वृद्धि गर्न । |

७। मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा :

मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा देहायको विशेष प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गर्ने निर्णय गऱ्यो ।

अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढि उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धि सम्पूर्ण प्रक्रिया अवलम्वन गरि कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

Miteri Development Bank Ltd. Head Office Dharan, Nepal

आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

८। नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

नियमनकारी निकायले दिएको निर्देशन बमोजिम जुन सुकै विषयमा बैंकको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिवाट पारित गर्ने निर्णय गऱ्यो ।

**(ग) विविध**

साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम संचालक श्री सरोज श्रेष्ठ तथा कम्पनी सचिव श्री तुलसी प्रसाद वस्तीले प्रमाणित गर्ने व्यहोरा साधारण सभालाई जानकारी गराईयो ।

साथै बैंकमा विगतमा स्वतन्त्र संचालकको रुपमा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुभएकोमा श्रीमती जानुका भट्टराई थापाज्यूलाई सम्मान गरेको ब्यहोरा सभाले अवगत गर्नका साथै यस्तो कार्यको प्रशंसा समेत गऱ्यो ।

## १३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि संचालक समतिका अध्यक्ष श्री किसन मास्केज्यूले सम्पूर्ण शेयरधनी, प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्नुभयो । अन्तमा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुवाट सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुवाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा पन्ध्रौ वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्वन्धित सवैलाई धन्यवाद ज्ञापन गर्दै दिनको १.०० वजे सभा विसर्जन गर्नुभयो ।

तुलसी प्रसाद वस्ती
प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

Miteri Development Bank Ltd
Head Office
Dharan, Nepal

सरोज श्रेष्ठ
सदस्य, संचालक समिति